नेपाल सरकार

# सार्वजनिक खरिद पुनरावलोकन समिति

(सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४८ अनुसार गठित)

ताहाचल, काठमाण्डौं

प.सं.: २०८०/०८१(कानून)

च.नं. ११६

मिति २०८०/११/२१

विषयः पुनरावलोकन समितिबाट भएको निर्णयको जानकारी सम्बन्धमा।

श्री नेपाल विद्युत प्राधिकरण,
वितरण तथा ग्राहक सेवा निर्देशनालय,
दरबारमार्ग, काठमाण्डौं।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट प्रकाशित बोलपत्र नं. ICB-DCSD-2079/80-DSUEP-EIB-W5; Procurement of Material, equipment, associated accessories and necessary installation services including design, erection, testing and commissioning of Distribution System Network-Package No. EIB-W5 सम्बन्धमा निवेदक श्री ZIB Financial Tower, No. 39 Xiangzhang Street, Shangcheng District, Hangzhou, China स्थित ZOEC-HOGN J.V. को तर्फबाट अख्तियार प्राप्त बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. १२ स्थायी ठेगाना रहेको श्री रमेश बहादुर स्वारले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ को व्यवस्थानुसार मिति २०८०।१०।२१ मा यस समितिमा दिएको निवेदनका सम्बन्धमा यस समितिबाट मिति २०८०।११।२१ मा भएको निर्णयको प्रतिलिपि सहित जानकारीको लागि निर्णयानुसार अनुरोध छ।

२०८०/११/२१

(संगिता महर्जन)
कानून अधिकृत

*बोधार्थः*

श्री ZIB Financial Tower, No. 39 Xiangzhang Street, Shangcheng District, Hangzhou, China स्थित ZOEC-HOGN J.V.;- तँहाबाट दिएको निवेदनमा उपर्युक्त निर्णय भएको व्यहोरा जानकारी हुन।

CamScanner

नेपाल सरकार

# सार्वजनिक खरिद पुनरावलोकन समिति

अध्यक्ष श्री मोहन कृष्ण सापकोटा

सदस्य श्री महेन्द्र बहादुर गुरुङ

सदस्य श्री वासुदेव शर्मा पौडेल

बाट भएको निर्णय

## मुध्दा नं. २४६

## आ.व. २०८०/८१ को निर्णय नं. २३

विषयः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ को (क) बमोजिम पुनरावलोकन गरी पाऊँ।

ZIB Financial Tower, No. 39 Xiangzhang Street, Shangcheng District, Hangzhou, China स्थित ZOEC-HOGN JV को तर्फबाट अख्तियार प्राप्त बांके जिल्ला नेपालगञ्ज न.पा. वडा नं. १२ स्थायी ठेगाना रहेको श्री रमेश बहादुर स्वांर (ना.प्र. नं. ६६-०१-७१-०५४७३, जि.प्र.का. बाँके, ईमेलः shajv.cons@gmail.com, 9851086565, 9801197798) .......... निवेदक ......................... १

विरुध्द

का.जि. का.म.न.पा. वडा नं. १ दरवार मार्गस्थित नेपाल विद्युत प्राधिकरण ...विपक्षी ..... १

ऐ.ऐ. स्थित नेपाल विद्युत प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालय (mmd@nea.org.np; mmddcsd@gmail.com 9841592698) ......... विपक्षी ...................... १

नेपाल विद्युत प्राधिकरणको प्रवन्ध निर्देशक .......................... विपक्षी ...................... १

नेपाल विद्युत प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालयको निर्देशक... विपक्षी... १

नेपाल विद्युत प्राधिकरणको प्रवन्ध निर्देशकद्वारा श्री राजन ढकालको संयोजकत्वमा गठन गरिएको कमिटी ........................................................ विपक्षी ........................ १

ऐ.ऐ. कमिटीका संयोजक श्री राजन ढकाल ............................ विपक्षी ........................ १

A-9, Industrial Co-operative Society, MIDC Area, Railway Station, Aurangabad 431 005 (MS), India स्थित Rudranee Infrastructure Ltd., India .................... विपक्षी ........................ १

CamScanner

निवेदकको मागदावीः

निवेदक ZOEC-HOGN JV ले मिति २०८०/१०/२१ (द.नं.१५९) मा यस समितिमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९, ५०(१) को आधारमा निर्णय पुनरावलोकन गरी पाऊँ भनी दर्ता गरेको निवेदनको दावी निम्न अनुसार रहेको छ ।

१. सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरवार मार्गबाट मिति 20 April 2023 (२०८०/०१/०७) मा बोलपत्र नं. ICB-DCSD-2079/80-DSUEP-EIB-W5 Procurement of material, equipment, associated accessories and necessary installation services including design, erection, testing, and commissioning of Distribution System Network – Package No. EIB-W5 का लागि बोलपत्र आह्वान भई निवेदक ZOEC-HOGN JV सहित ५ वटा बोलपत्रदाताहरुबाट बोलपत्र पेश भएकोमा मिति २०८०/५/१३ मा पेश भएका बोलपत्रहरु खोली मूल्याङ्कन हुँदा ५ वटै बोलपत्रहरु प्राविधिक मूल्याङ्कनमा सफल भई आर्थिक प्रस्ताव खोल्दा सारभूतरुपमा प्रभावग्राही न्युनतम् बोल कबोल गर्ने बोलपत्रदाता ठहर गरी निवेदसंग ठेक्का सम्झौता गर्ने प्रकृया अघि बढाउनु पर्नेमा सा.ख. ऐन, २०६३ को दफा ३, ९, १० को उपदफा (४) र (६), दफा २३ को उपदफा (८), दफा २५, २७, सा.ख. नियमावली २०६४ को नियम ६४, बोलपत्र कागजातको Section I Instruction to Tenderers (ITT) को Clause 36, 39 र 43 को विपरित अधिकतम् बोल कबोल गर्ने Rudranee Infrastructure Ltd. India लाई ठेक्का सम्झौता प्रदान गर्ने आशयको सूचना मिति २०८०/१०/७ मा प्रकाशित भयो।

२. प्रकाशित सूचनामा चित्त नबुझी मिति २०८०/१०/११ मा सा.ख. ऐन, २०६३ को दफा ४७ बमोजिम पुनरावलोकन निवेदन पेश गरेकोमा कुनै पनि निर्णय भएको जानकारी प्राप्त हुन सकेन। कानुन बमोजिम गठित मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदन स्वीकृत गर्दा आफूले चाहेको बोलपत्रदातालाई ठेक्का दिने अवस्था नमिलेपछि पुनः जाँच समिति गठन गरी पुनर्मूल्याङ्कन गरी आशयको सूचना प्रकाशित गरियो।

३. बोलपत्र बमोजिम पेश गरेको प्रस्तावमा हामी निवेदकको Tender Price 75,27,760.35 (USD) + ने.रू. १,५३,१६,७४,३६७/३० रहेकोमा Flat 11% discount दिई Evaluated Tender Price 66,99,706.71 (USD) + ने.रू. १,३६,३१,९०,१८६/९० हुन आउँछ, जुन अन्य बोलपत्रदाताहरुमध्ये सबैभन्दा कम बोल कबोल रकम हो। सम्झौता गर्ने भनिएको Rudranee Infrastructure को Evaluated Tender Price ने.रू. ३२,१०,००,००० छूट सहित 1,53,94,429.74 USD + ने.रू. ११,५१,६४,८७५/- कायम रहेको अवस्था छ।

४. Rudranee Infrastructure को आर्थिक प्रस्तावको Schedule No. 1 Plant and Mandatory Spare Parts supplied from Abroad हेर्दा Domestic Transportation and Insurance को Total Amount उल्लेख हुनु पर्ने ठाउँमा जम्मा रकम हिसाब गरी बाध्यात्मक रुपमा रकम उल्लेख गर्नु पर्नेमा उक्त कुल रकम उल्लेख गरिएको थिएन, हिसाब मिलेको

थिएन। सा.ख. ऐन, २०६३ को दफा २३ को उपदफा (८), सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ६४, बोलपत्र कागजातको Section I Instruction to Tenderers को Clause 36 बमोजिम हिसाब गरी नियम १४७ बमोजिम गठित मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा Rudranee को आर्थिक प्रस्ताव १,५३,९४,४२९/७४ 1,53,94,429.74 (USD) + ने.रु. ५९,२०,७९,८५,७१०/३० कायम गरेको अवस्था छ, जुन लागत अनुमानभन्दा २४९९.६६% ले बढी छ।

५. बोलपत्रको Clause no. 36, 39 र 43 बमोजिम हिसाब गर्ने हो भने यो रकम आर्थिक प्रस्ताव खोलिएका बोलपत्रदाताहरुमध्येकै सबैभन्दा बढी बोल कबोल रकम हो।

६. यसरी सारभूतरुपमा प्रभावग्राही न्यूनतम् रकम बोल कबोल गर्ने बोलपत्रदातासंग सम्झौता नगरी अधिकतम् बोल कबोल गर्ने कम्पनीसंग सम्झौता गर्न प्रकाशित सूचना सा.ख. ऐन, २०६३ को दफा ३, ९, १०, २५, २७, सा.ख. नियमावली, २०६४ को नियम ६४ र बोलपत्रको Section I को Clause 36, 39 र 43 को विपरित भएकोले बदर गरी हामी निवेदसंग खरिद सम्झौता गर्नू भनी विपक्षीको नाममा आदेश जारी गरी पाऊँ।

## सार्वजनिक निकायको प्रतिक्रियाः

यस सार्वजनिक खरिद पुनरावलोकन समितिमा मिति २०८०/१०/२१ मा निवेदक श्री ZOEC-HOGN JV को निवेदन पर्न आएपछि सोही दिन सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरवार मार्गलाई खरिद प्रकिया रोक्का राखी प्रतिक्रिया तथा आवश्यक कागजातका लागि पत्राचार गरिएकोमा तहाँबाट प.सं. ०८०/८१ च.नं. ८६५ मिति २०८०/१०/२८ बाट प्रतिकृया पत्र प्राप्त हुन आयो, जसको सारसंक्षेप देहाय बमोजिम रहेको छ।

१. European Investment Bank (EIB) को ऋण सहयोगमा सञ्चालित नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय मातहतको नेपाल वितरण प्रणाली स्तरोन्नति तथा विस्तार आयोजना अन्तर्गत बोलपत्र नं. ICB-DCSD-2079/80-DSUEP-EIB-W5 Procurement of material, equipment, associated accessories and necessary installation services including design, erection, testing, and commissioning of Distribution System Network – Package No. EIB-W5 कार्यको लागि मिति 20 April 2023 मा बोलपत्रको सूचना प्रकाशित भएकोमा ५ बोलपत्रदाताहरुको बोलपत्रको प्राविधिक मूल्याङ्कन गर्दा सम्पूर्ण बोलपत्रदाताहरु सारभूतरुपमा प्रभावग्राही भई ती बोलपत्रदाताहरुको वितीय मूल्याङ्कन हुँदा सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता M/S Rudranee Infrastructure Ltd., India को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना मिति 21 January 2024 मा Website मा प्रकाशित गरियो।

२. प्रकाशित सूचनामा चित्त नबुझी निर्णय पुनरावलोकनको लागि बोलपत्रदाता M/S ZOEC-HOGN JV ले मिति २०८०/१०/११ मा निवेदन गरेकोमा मिति २०८०/१०/१२ को निर्णय बमोजिम पुनरावलोकन समिति गठन भई २०८०/१०/२४ मा उक्त समितिबाट प्रतिवेदन प्राप्त भएको र प्राप्त प्रतिवेदन अनुसार सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता Rudranee Infrastructure Ltd. को USD 15,394,429.74 र NPR ११५,१६४,८७५/- को बोलपत्र स्वीकृत गरी आशयको सूचना प्रकाशित गर्ने कार्य कानुनसम्मत देखिएकोले सा.ख. ऐन, २०६३ को दफा ४७(६) बमोजिम निवेदक ZOEC-HOGN JV को निवेदन खारेज गर्ने निर्णय भयो।

३. बोलपत्रदाता M/S Rudranee Infrastructure Ltd. ले पेश गरेको Price Schedule को Schedule 1 मा रहेको Domestic Transportation and Insurance मा अस्वाभाविक दररेट उल्लेख रहेको र कुल रकममा शून्य रहेको पाइए तापनि बोलपत्र कागजात अनुसार गणितीय त्रूटि सच्याई प्राप्त रकम रू. ६१,२३,३२,७६,८४६/४९ संग अन्य बोलपत्रदाताको कबोल अंक तुलना गर्दा निवेदक ZOEC-HOGN JV को प्रस्ताव न्यूनतम् मूल्याङ्कित रहेको भनी बोलपत्र मूल्याङ्कन समितिले सिफारिश सहितको प्रतिवेदन पेश गरेकोमा गणितीय त्रूटि रू. ५९ अर्व ०९ करोड पाइनु सामान्य नदेखिएको कारण ने.वि.प्रा. आ.प्र. विनियमावली, २०६८ को विनियम १५६(१) बमोजिम उक्त प्रतिवेदन उपर जाँचबुझ गर्न पुनः समिति गठन गरी समितिबाट पुनः मूल्याङ्कन हुँदा Rudranee Infrastructure Ltd. India को कबोल रकम USD 15,394,429.74 र ने.रू. ४३,६१,६४,८७५/- मा ने.रू. ३२,१०,००,०००/- छूट दिई छूट पश्चात् निजको खुद् कबोल रकम (USD 1=NRs 131.56 ले) रु. २,१४,०४,५६,०५१/५९ कायम भई सबैभन्दा न्यून कबोल गर्ने बोलपत्रदाताको रुपमा रहेको।

४. Rudranee Infrastructure ले बोलपत्रको Price Schedule No. 1A, 1B र 1C को Column 8 (Unit Rate for Domestic Transportation and Insurance) अन्तर्गतका महलमा आपूर्ति गरिने मालसामनहरुको परिमाणले उक्त सामानहरुको Unit CIP Price in Foreign Currency लाई गुणन गरी प्रत्येक जिल्लाको लागि Cumulative Value गणनाका लागि प्रयोग गरेको देखिन्छ भने Column 9 (Total Price for Domestic Transportation and Insurance) अन्तर्गतका महलहरुमा कुनै पनि रकम Quote गरेको नदेखिएको हुँदा Domestic Transportation and Insurance CIP Value मा समावेश गरेको देखिन्छ।

५. Col. 10 (Total Price for Domestic Transportation and Insurance) को महलमा कुनै रकम quote नगरेको र Schedule 5 (Grand Summary) मा पनि Total Price quote नगरेकोले Domestic Transportation र Insurance को Cost अन्य समानको मूल्यमा नै समावेश गरेको मान्नु पर्ने देखिएको र Rudranee Infrastructure को आर्थिक प्रस्ताव कार्यालयको लागत

अनुमानभन्दा १०.९७% ले कम भएकोले छनौट गरिएको हो। ZOEC-HOGN JV को पुनरावेदन जिकीर खारेज गरी पाऊँ।

अध्ययन अवलोकनः

***बोलपत्रको सार्वजनिक सूचना र मुचुल्का***

सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरवार मार्गद्वारा बोलपत्र नं. ICB-DCSD-2079/80-DSUEP-EIB-W5 Procurement of material, equipment, associated accessories and necessary installation services including design, erection, testing, and commissioning of Distribution System Network – Package No. EIB-W5 कार्यका लागि भनी मिति 20 April 2023 (२०८०/०१/०७) मा सूचना प्रकाशित गरिएको थियो भने Single Stage 2 Envelope पध्दति अनुसार मिति २०८०/०३/१० (25 Jun 2023) मा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-bidding portal www.bolpatra.gov.np/egp/ मार्फत दिउँसो १२:०० बजेसम्म दाखिला हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव (Technical Bids) सोही दिन दिउँसो २:०० बजे सोही e-GP Portal मार्फत खोलिएको र मुचुल्का सहित Upload गरिएको देखिन्छ। सो Electronically generated मुचुल्का हेर्दा देहाय बमोजिम ५ वटा बोलपत्र पर्न आएको देखिन्छ।

1. Rudranee Infrastructure Ltd., India
2. Zhejiang Orient Engineering Co. Ltd. (ZOEC) + HOGN Electrical Group Co. Ltd. JV, China
3. Jakson Limited, India
4. Waiba Infratech Pvt. Ltd., Nepal
5. Mohan Energy Corporation Pvt. Ltd., India

***मूल्याङ्कन समिति गठन र प्राविधिक मूल्याङ्कन***

सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयले बोलपत्र मूल्याङ्कनका लागि मिति २०७९/१२/२० को निर्णय अनुसार देहाय बमोजिमको ६ सदस्यीय बोलपत्र मूल्याङ्कन कमिटी गठन गरेको देखिन्छः

| | | |
|---|---|---|
| १. श्री अच्युतबाबु घिमिरे | निर्देशक, योजना तथा प्रा. सेवा विभाग | संयोजक |
| २. श्री पुष्प ढुंगाना | लेखा प्रमुख, DSUEP (EIB) | सदस्य |
| ३. श्री सुरज कुमार ढुंगेल | इन्जिनियर, DSUEP (EIB) | सदस्य |
| ४. श्री कुबेरनाथ पोखरेल | कानुन अधिकृत, वि. तथा ग्रा. से. नि. | सदस्य |
| ५. श्री मैताहाङ लिम्बु | स.प्र. अ, DSUEP (EIB) | सदस्य |

६. श्री विजयसेन खड्का आयोजना प्रमुख, DSUEP (EIB) सदस्य सचिव

यस बोलपत्र मूल्याङ्कन समितिले उपरोक्त बोलपत्रदाताहरुबाट दर्ता भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको परीक्षण, मूल्याङ्कनका साथै आर्थिक प्रस्तावको मूल्याङकन समेत गरेको देखिन्छ।

***बोलपत्र मूल्याङ्कन समितिद्वारा बोलपत्र मूल्याङ्कन, सिफारीश र निर्णयः***

बोलपत्र मूल्याङ्कन समितिले मिति २०८०/३/१० (25 June 2023) गते दाखिला हुन आएका उपरोक्त ५ वटा बोलपत्रदाताका बोलपत्रहरुको 1S2E को प्रकृया अनुसार प्राविधिक प्रस्तावको परीक्षण र मूल्याङ्कनको कार्य पूरा गरेको, सो मूल्याङ्कन अनुसार ५ वटै बोलपत्रदाताका प्राविधिक प्रस्तावहरु सारभूतरुपमा प्रभावग्राही ठहर भएको सिफारीश सहित प्रतिवेदन पेश गरेको र मिति 15 Aug 2023 (२०८०/०४/३०) कार्यकारी निर्देशकद्वारा स्वीकृत भएको र स्वीकृतीका लागि ऋणदाता EIB समक्ष 15 August, 2023 मा पेश गर्दा बैंकबाट 22 August मा No Objection प्राप्त भएको देखिन्छ।

तदनुरुप प्राविधिक प्रस्ताव स्वीकृत भएको जानकारी सहित आर्थिक प्रस्ताव खोल्ने सूचना 23 August 2023 (२०८०/५/०६) गते प्रकाशित गरी मिति 30 August (२०८०/५/१३) मा खोलिएको देखिन्छ।

आर्थिक प्रस्ताव खोलिएपछि माथि उल्लेखित बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई बोलपत्रदाता श्री JV-ZOEC-HOGN, China को कबोल रकम VAT र करबाहेक USD 6,600,706.71 + NPR 1,363,190,167.30 कार्यालयको लागत अनुमानभन्दा ६.५४% ले घटी रहेको सारभूतरुपमा प्रभावग्राही रहेको सिफारीश सहितको प्रतिवेदन मिति २०८०/०७/१९ मा पेश गरेको देखिन्छ। सो प्रतिवेदनको सारसंक्षेप तल Table- 1 मा प्रस्तुत गरिएको छ।

**Table- 1 बोलपत्र मूल्याङ्कन समितिको आर्थिक प्रतिवेदन अनुसार बोलपत्रदाताहरुको स्थिति**

| S.No. | Name of Tenderer | Corrected Tender Price after Discount | | Corrected Tender Price (Equiv. NPR) | Comparison with Office Estimate |
|---|---|---|---|---|---|
| | | USD | NPR | | |
| 1. | Rudranee Infrastructure Ltd., India<br><br>Discount offered NPR 321,000,000 discount | 15,394,429.74 | 59,528,985,669.90 | 61,233,276,846.49 | L5 (2499.66% above) |

| | | | | | |
|---|---|---|---|---|---|
| 2. | Zhejiang Orient Engineering Co. Ltd. and HOGN Electrical Group Co. Ltd. Joint Venture (JV-ZOEC-HOGN), China<br><br>Offered 11% discount | 7,527,760.35 | 1,531,674,345.28 | 2,244,603,582.26 | L1 (6.54% below) |
| 3. | Jakson Limited, India | 14,537,769.81 | 628,410,037.12 | 2,540,999,033.32 | L4 (5.8% above) |
| 4. | Waiba Infratech Pvt. Ltd., Nepal | 13,753,124.86 | 606,786,051.17 | 2,416,147,157.75 | L3 (0.6% above) |
| 5. | M/S Mohan Energy Corporation Pvt. Ltd., India | 13,383,035.70 | 589,923,442.70 | 2,350,595,619.39 | L2 (2.12% below) |

श्रोतः ने.वि.प्रा. द्वारा गठित बोलपत्र मूल्याङ्कन समितिको प्रतिवेदन

***प्रतिवेदन जाँच गरी पेश गर्न गठित समिति***

सो प्रतिवेदन स्वीकृतीका लागि पेश हुँदा Rudranee Infrastructure Ltd. India को बोलपत्रको मूल्याङ्कन पश्चात् अस्वाभाविक बढी हुने गरी कबोल अंक आएको देखिएको हुँदा ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम १५६(१) बमोजिम जाँच गरी न्यूनतम् मूल्याङ्कीत सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता छनौटका लागि सिफारीश गर्न मिति २०८०/८/११ को निर्णय अनुसार देहाय बमोजिमको ३ सदस्यीय समिति गठन गरेको देखिन्छः

| | | |
|---|---|---|
| १. श्री राजन ढकाल | निर्देशक, वि.ग्रा.से. निर्देशनालय | संयोजक |
| २. श्री साधव भण्डारी | उप-निर्देशक, वि.ग्रा.से. निर्देशनालय | सदस्य |
| ३. श्री राज कुमार पोखरेल | उपनिर्देशक, कानुन विभाग | सदस्य |

यस जाँचबुझ समितिले बोलपत्र मूल्याङ्कन समितिले गरेको मूल्याङ्कनमा जाँच गरी मिति २०८०/८/२८ मा प्रतिवेदन पेश गरेको देखिन्छ। सो जाँचबुझ समितिको सिफारीश सहितको तालिका तल Table- 2 मा प्रस्तुत गरिएको छ।

**Table- 2 जाँचबुझ समितिको आर्थिक प्रतिवेदन अनुसार बोलपत्रदाताहरुको स्थिति**

| S.No. | Tenderer | Read out Tender Price (A) | Arithmetically corrected Tender Price considering discount (B) |
|---|---|---|---|
| 1. | M/S Rudranee Infrastructure Ltd., India<br><br>After NPR 321,000,000 discount | Eqvt. NPR 2,461,340,351.59<br><br>Eqvt. NPR 2,140,340,351.59 | Eqvt. NPR 2,461,456,051.59<br><br>Eqvt. NPR 2,140,456,051.59 |
| 2. | M/S Zhejiang Orient Engineering Co. Ltd. and HOGN Electrical | Eqvt. NPR 2,522,026,519.95 | Eqvt. NPR 2,522,026,496.93 |

CamScanner

| | | | |
|---|---|---|---|
| | Group Co. Ltd. Joint Venture (JV-ZOEC-HOGN), China<br><br>After 11% discount | Eqvt. NPR 2,244,603,601.86 | Eqvt. NPR 2,244,603,582.26 |
| 3. | M/S Jakson Limited, India | Eqvt. NPR 2,540,999,073.76 | Eqvt. NPR 2,540,999,033.32 |
| 4. | M/S Waiba Infratech Pvt. Ltd., Nepal | Eqvt. NPR 2,416,147,224.48 | Eqvt. NPR 2,416,147,157.75 |
| 5. | M/S Mohan Energy Corporation Pvt. Ltd., India | Eqvt. NPR 2,350,603,812.76 | Eqvt. NPR 2,350,595,619.39 |

श्रोतः ने.वि.प्रा. द्वारा मिति २०८०/१०/१२ मा गठित पुनरावलोकन समितिको प्रतिवेदन

जाँचबुझ समितिको मूल्याङ्कन अनुसार Rudranee Infrastructure Ltd. India को कबोल अंक लागत अनुमानभन्दा १०.९७% कम रहेकोले स्वीकृत हुन सिफारीश भए अनुरुपको जाँचबुझ समितिको प्रतिवेदन सार्वजनिक निकायको प्रमुखबाट मिति २०८०/९/०३ (19 Dec. 2023) मा स्वीकृत भएको देखिन्छ। बोलपत्रहरुको Consolidated Evaluation Report स्वीकृतिका लागि ऋणदाता बैंक EIB (European Investment Bank) समक्ष 22 December 2023 मा पेश गरिएकोमा बैंकबाट 17 Jan 2024 (२०८०/१०/०३) मा No Objection प्राप्त भएको देखिन्छ।

त्यसपश्चात् मिति २०८०/१०/०७ (21 Jan 2024) मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरेको र सो सूचनामा चित्त नबुझेमा १० दिनभित्र निवेदन दिन समेत जानकारी गराइएको देखिन्छ।

***सार्वजनिक खरिद ऐन, २०६३को दफा ४७ र ४९ बमोजिम निवेदकबाट निर्णय पुनरावलोकनको लागि निवेदन***

मिति २०८०/१०/०७ (21 Jan 2024) मा प्रकाशित सो सूचनाबाट प्राप्त निरणयमा चित्त नबुझी निवेदक बोलपत्रदाता ZOEC-HOGN JV ले Dt. 25 Jan 2024 (मिति २०८०/१०/११) मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) बमोजिम निर्णय पुनरावलोकन गर्न निवेदन दिएकोमा सार्वजनिक निकायबाट म्यादभित्र कुनै जवाफ नआएको भनी निवेदक बोलपत्रदाता ZOEC-HOGN JV China ले मिति २०८०/१०/२१ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम निर्णय पुनरावलोकन गरी पाऊँ भनी यस सार्वजनिक खरिद पुनरावलोकन समितिमा निवेदन दर्ता गरेको देखिन्छ।

***पुनरावलोकन गर्न गठित समिति***

सार्वजनिक निकायबाट Rudranee Infrastructure Ltd. India को न्यूनतम् मूल्याङ्कीत सारभूतरुपमा प्रभावग्राही देखिएकोले छनौट भई मिति २०८०/१०/०७ गते बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन भएकोमा सो सूचनामा चित्त नबुझाई निवेदक बोलपत्रदाता ZOEC-HOGN JV ले Dt. 25 Jan 2024 (मिति २०८०/१०/११) मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) बमोजिम निर्णय पुनरावलोकन गर्न निवेदन दिएको आधारमा ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली, २०६८ (संशोधन सहित) को विनियम १८६ को व्यवस्था बमोजिम कार्यकारी निर्देशकको मिति २०८०/१०/१२ को निर्णयानुसार पुनरावलोकन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको ३ सदस्यीय समिति गठन गरेको देखिन्छः

| | | | | |
|---|---|---|---|---|
| १. | श्री दीर्घायु कुमार श्रेष्ठ | उपकार्यकारी निर्देशक | प्रसारण निर्देशनालय | संयोजक |
| २. | श्री रमेश प्रसाद धमला | सहायक निर्देशक | कानून विभाग | सदस्य |
| ३. | श्री जितेन्द्र कुमार झा | प्रबन्धक | योजना तथा प्राविधिक सेवा विभाग, वि.ग्रा.से.नि. | सदस्य सचिव |

पुनरावलोकन समितिले मिति २०८०/१०/२२ मा तयार गरी पेश गरेको र मिति २०८०/१०/२४ मा दर्ता भएको सिफारीश सहितको सो प्रतिवेदनमा प्रस्तुत तालिका यहाँ प्रस्तुत गरिएको छः

**Table- 3 ने.वि.प्रा. द्वारा गठित पुनरावलकोन समितिद्वारा पेश प्रतिवेदनको सार संक्षेप**

| S.No. | Description | Currency | Rudranee Infrastructure Limited, India | ZV-ZOEC-HOGN, China |
|---|---|---|---|---|
| a. | Read out Tender Price | USD | 15,394,429.74 | 7,527,760.35 |
| b. | | NPR | 436,049,175.00 | 1,531,674,367.30 |
| c. | USD Coversion rate on tender opening date (a*131.56) | NPR | 2,025,291,176.59 (US$ 15,394,429.74*131.56) | 990,352,151.65 (US$ 7,527,760.35*131.56) |
| d. | Total (b+c) | NPR | 2,461,340,351.59 | 2,522,026,518.95 |
| e. | Discount | NPR | 321,000,000.00 | 277,422,917.08 Flat discount 11% (USD 1=NPR 131,56) |
| f. | Total (d-e) | NPR | 2,140,340,351.59 | 2,244,603,601.86 |
| g. | Arithmetic error | NPR | 115,700.00 | -19.6 |
| h. | Total (f+g) | NPR | **2,140,456,051.59** | **2,244,603,582.26** |
| i. | Differences | NPR | 104,147,530.67 | |

श्रोतः ने.वि.प्रा. द्वारा मिति २०८०/१०/१२ मा गठित पुनरावलोकन समितिको प्रतिवेदन

सार्वजनिक खरिद पुनरावलोकन समिति ... सार्वजनिक खरिद ऐन, २०६३ को ४८ बमोजिम

## पुनरावलोकन समितिद्वारा सुनुवाई र समितिको निर्णय/ ठहरः

### *पुनरावलोकन समितिद्वारा सुनुवाई*

समितिद्वारा यस बोलपत्रको सन्दर्भमा दुबै पक्षलाई आफ्नो माग दावी प्रस्तुत गर्न तथा प्रतिरक्षा गर्न छलफलको अवसर प्राप्त होस् भनी मिति २०८०/११/१५ गते दिनको ११:३० बजे सुनुवाईको मिति निर्धारण गरिएको थियो। निर्धारित सुनुवाईमा निवेदक ZOEC-HOGN JV को तर्फबाट विद्वान अधिवक्ताद्वय मनिश सिँह बस्नेत, हिमेशकृष्ण खरेल, प्रकाश रेग्मी, अपूर्व खतिवडा तथा वरिष्ठ अधिवक्ता सतीशकृष्ण खरेलले बहस गर्नुभयो भने विपक्षी सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरणको तर्फबाट विद्वान अधिवक्ता दिवस बस्याल, किरण पौडेल र नरेश मैनालीले बहस गर्नुभयो भने ने.वि.प्रा. पुनरावलोकन समितिका सदस्य ई. जितेन्द्र झाले आफ्नो धारणा राख्नुभयो।

निवेदकको तर्फबाट अधिवक्ता मनिश सिँह बस्नेतले ने.वि.प्रा.बाट बझाङ, रुकुम पूर्व, बैतडी र रोल्पामा Districution System Network Upgrade का लागि ICB-DCSD-2079/80-DSUEP-EIB-W5 बाट मिति २०८०/१/०७ मा बोलपत्र आह्वान भई मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा सबै बोलपत्रहरु प्राविधिकरुपमा प्रभावग्राही भई बोलपत्रदाता निवेदक जे.भी. JOEC-HOGN China को बोलपत्र L1 भएको भनी मिति २०८०/७/१९ मा सिफारीश पेश भयो। L5 Ranking भएको Rudranee Infrastructure को रकम अस्वाभाविक देखिएको भनी अनुमान गरी उक्त प्रतिवेदनमा जाँचबुझ गर्न मिति २०८०/८/११ मा छानवीन समिति गठन भई सो समितिबाट चेकजाँच गर्दा विपक्षीमध्येको L5 Rudranee Infrastructure को ठेक्का स्वीकृत गर्नेगरी सिफारीश गरियो। विपक्षी मध्येको Rudranee Infrastructure Ltd. बाट बोलपत्र भर्दा Formula सहितको विभिन्न Column मा Unit Price भरी Total लाई Blank (खाली) राखी बोलपत्र भरियो। अंक गणितीय त्रूटि सच्याउन सकिने आधारलाई लिएर छानवीन समितिले एकाई दरलाई शून्य बनाई सच्याई कुल रकम कायम गर्नेगरी सा.ख. ऐन, २०६३ को दफा ८ विपरित, ITT 36 विपरित मूल्याङ्कन गरी गैरकानुनी तवरले L5 लाई ठेक्का दिने निर्णय गरियो। नियमसंगत ढंगले सा.ख. ऐनको दफा २३(५), २५(२) अनुरुप बोलपत्र पेश भैसकेपछि बोलपत्रको दररेटमा Change गर्न मिल्दैन तर सार्वजनिक निकायबाट नियतवश सा.ख. ऐन, नियम विपरित ITT 36, 39 विपरित Unit Rate सच्याई ठेक्का स्वीकृत गरेको कार्य उचित छैन, निवेदक कम्पनीको बोलपत्र स्वीकृत गरी ठेक्का दिनु पर्दछ भनी गरेको बहस सुनियो।

अधिवक्ता हिमेशकृष्ण खरेलले ICB Contract मा गणितीय त्रूटि सच्याउन Unit Price लाई आधार लिएर (एकाई दरलाई यथावत राखी) कुल रकमलाई सच्याउने अभ्यास छ। विपक्षी सार्वजनिक निकायले यही प्याकेजको अर्को ठेक्कामा एकाई दरलाई यथावत राखी कुल रकमलाई सच्याई ठेक्का मूल्याङ्कन गरेको छ। कानूनले सच्याउने अधिकार असिमित दिएको छैन। एकाई दर सच्याउन सकिँदैन। यो Lumpsum Contract होइन। विपक्षी निकायबाट Formula सच्याउन मिल्दैन। बिवन्दनको सिध्दान्तले पनि यो उपयुक्त हुँदैन भनी गरेको बहस सुनियो।

अधिवक्ता प्रकाश रेग्मीले विद्युत प्राधिकरणबाट नियम १४७ बमोजिम गठित समितिले अंकगणितीय त्रूटिको छानवीन गर्न सक्छ तर BOQ को आइटमलाई नै सच्याउन पाईंदैन। ने.वि.प्रा. आ.प्र. विनियमावलीको १५६(१) बमोजिम गठित समितिले गरेको मूल्याङ्कन उचित छैन भनी गरेको बहस सुनियो। अधिवक्ता अपूर्व खतिवडाले EIB Procurement Guidelines Clause no. 3.7.12 मा उल्लेख भए अनुरुप बोलपत्रदातालाई कुनै विषयमा शंका लागेमा सोध्न सक्ने व्यवस्था हुँदाहुँदै पनि Clarification का लागि माग गरिएन भनी गरेको बहस सुनियो।

वरिष्ठ अधिवक्ता सतीशकृष्ण खरेलले मूल्याङ्कन समितिले मूल्याङ्कन गरेपछि पुनः मूल्याङ्कन गर्नु ठीक होइन, मूल्याङ्कन गरिसकेपछि पुनः सच्याउने काम ठीक होइन, यसले विकृति बढाउँदछ भनी बहस गर्नु भयो।

विपक्षी सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरणका तर्फबाट अधिवक्ता दिवस बस्यालले प्रस्तावित निर्माण कार्य Turn Key Project अर्थात् सम्पूर्ण काम नै बोलपत्रदाताद्वारा सम्पन्न गरी सार्वजनिक निकायलाई हस्तान्तरण गर्ने प्रकृतिको भएको, CIP मा आधारित भएको, Incoterm अनुरुप CIP समेत समावेश गरी Domestic Transportation र Insurance को कुल रकम उल्लेख गरिने महल खाली राखी ठेक्का प्रस्ताव गरिएको न्यूनतम् मूल्याङ्कीत प्रस्ताव हो। मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा अस्वाभाविक रकम देखिएपछि ई-मेलमार्फत पत्राचार गर्दा Clarification प्राप्त हुन आएको र पुनः जाँच गर्दा न्यूनतम् मूल्याङ्कीत भएकोले ठेक्का स्वीकृत गरिएको हो भनी गरेको बहस सुनियो।

अधिवक्ता किरण पौडेलले EIB को सम्झौता अनुरुप CEO लाई दिइएको अधिकारभित्र रही EIB को खरिद प्रकृया अवलम्बन गरी बोलपत्रको मूल्याङ्कन भई सा.ख. नियमावली, २०६४ को नियम ६७(२) बमोजिम बोलपत्र स्वीकृत भई EIB को No Objection प्राप्त भएपछि मात्रै ठेक्का स्वीकृत गरिएको, Arithmetic Error लाई बोलपत्रदाताले स्वीकार गरेको र न्यूनमूल्याङ्कित बोलपत्र स्वीकृत भएको हो भनी गरेको बहस सुनियो।

अधिवक्ता नरेश मैनालीले Correction of Aritmetic Error बाट Total र Unit Price दुबै Correction हुने, EIB को Procurement Guidelines अनुरुप पुनः जाँच गरी न्यूनतम् मूल्याङ्कीत बोलपत्रलाई स्वीकृत गरिएको हो। बोलपत्रको Schedule No. 1 मा CIP आफैले व्यहोर्ने भएकोले Domestic Currency को Total मा केही उल्लेख गर्नु नपर्ने भएकोले सोही अनुरुप गणितीय त्रूटि सच्याई मूल्याङ्कन गरिएको हो भनी गरेको बहस सुनियो।

ने.वि.प्रा.का तर्फबाट प्रवन्धक जितेन्द्र झाले Unit र Quanity को Value जोड जम्मा गर्दा सबै बोलपत्रदाताको रकममा त्रूटि देखिएको र बोलपत्र खोल्दा Read out Value मा Rudranee Infrastructure Ltd. को बोलपत्र न्यूनतम् मूल्याङ्कीत देखिएकोले Arithmetic Error Correction गरी Rudranee Infrastructure को बोलपत्र स्वीकृत गरिएको हो भनी धारणा राख्नु भयो।

## *समितिको निर्णय/ ठहरः*

अब निवेदक ZOEC-HOGN JV को माग बमोजिम सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयले बोलपत्र नं. ICB-DCSD-2079/80-DSUEP-EIB-W5 Procurement of material, equipment, associated accessories and necessary installation services including design, erection,, testing, and commissioning of Distribution System Network – Package No. EIB-W5 कार्यको लागि मिति २०८०/१/०७ (20 April 2023) मा प्रकाशित बोलपत्रको सूचना अनुसार पेश हुन आएका ५ बोलपत्रदाताका बोलपत्र मध्ये निवेदक बोलपत्रदाता ZOEC-HOGN JV, China को प्राविधिक बोलपत्र समेत सारभूतरुपमा प्रभावग्राही भएको, साथै आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना अनुसार मिति २०८०/५/०५ (30 Aug 2023) मा आर्थिक प्रस्ताव खोलिएको तर सार्वजनिक निकायबाट मिति २०८०/१०/७ (21 Jan 2024) मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित हुँदा आफ्नो बोलपत्र छनौट नभई विपक्षी Rudranee Infrastructure Ltd., India को बोलपत्र छनौट भएको भनी सार्वजनिक निकायबाट प्रकाशित गरेको सूचनामा चित्त नबुझी सार्वजनिक निकायका प्रमुख समक्ष निवेदन दिएको तर तहाँबाट कानुनको म्यादभित्र जवाफ प्राप्त नभएकोले सार्वजनिक खरिद पुनरावलोकन समितिमा निवेदन दिएकोमा सो बोलपत्रको प्रकृयामा सार्वजनिक निकायले निज निवेदकको बोलपत्र स्वीकृत नगरी अर्को बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न गरेको निर्णय र प्रकाशित गरेको सूचना मिलेको छ कि छैन तथा निवेदकको मागदावी पुगेको छ कि छैन भन्नेमा निर्णय दिनु पर्ने देखियो।

**बोलपत्र मूल्याङ्कनमा सार्वजनिक निकायले अपनाएको कानुनी प्रकृया**

प्रस्तुत बोलपत्र मूल्याङ्कनमा सार्वजनिक निकाय नेपाल विद्‌युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरवारमार्गले निवेदक बोलपत्रदाता तथा अन्य बोलपत्रदाता समेतको बोलपत्रको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सामान्यतया प्रचलित कानूनी प्रक्रियालाई अपनाएको देखियो। साथै, युरोपियन लगानी बैंक (EIB) को मुख्य लगानीमा निर्माण कार्य हुने भएकोले सो बैंकको Guide to Procurement for Projects financed by the EIB को Guidelines लाई समेत अपनाएको देखियो। बोलपत्रको प्राविधिक मूल्याङ्कन गर्दा बोलपत्र कागजातका Instructions to Tenderers (ITT) का शर्तहरुको आधारमा गरेको देखियो भने आर्थिक मूल्याङ्कन गर्दा समेत ITT मा व्यवस्थित शर्तहरुको आधारमा नै गरिएको भन्ने सार्वजनिक निकायको जिकीर रहेको देखियो।

बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मूल्याङ्कन गर्ने क्रममा सार्वजनिक निकायले शुरुमा बोलपत्र मूल्याङ्कन समितिको गठन गरी बोलपत्रको प्राविधिक र आर्थिक मूल्याङ्कन गराएको, प्राविधिक मूल्याङ्कनमा सबै ५ वटा बोलपत्रदाताहरु सफल ठहर भई आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा बोलपत्र मूल्याङ्कन समितिको मूल्याङ्कनमा निवेदक ZOEC-HOGN JV, China को बोलपत्र न्यूनतम् मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही ठहर भएको तर सार्वजनिक निकायले जाँचबुझ समिति गठन गरी गराएको मूल्याङ्कनबाट गणितीय त्रुटी सच्याएको भनी विपक्षी Rudranee Infrastructure Ltd., India को बोलपत्र न्यूनतम् मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही ठहर भई निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरेपछि कानुनी विवाद उत्पन्न भएको देखियो।

अध्ययन गर्दा निवेदक ZOEC-HOGN JV China को बोलपत्रको आर्थिक प्रस्तावमा सार्वजनिक निकायबाट कुनै त्रूटि वा कमजोरी उल्लेख गरी प्रस्ताव छनौट हुन नसकेको नभई अर्का प्रतिस्पर्धी बोलपत्रदाता Rudranee Infrastructure Ltd. India को आर्थिक प्रस्तावको मूल्याङ्कनमा सार्वजनिक निकायले अख्तियार गरेको कानुनविपरितको प्रकृयाका कारण ठेक्काबाट वञ्चित भई अन्यायमा परेको भन्ने निवेदकको जिकीर रहेकोले निज विपक्षी Rudranee Infrastructure को बोलपत्र मूल्याङ्कनको अध्ययन नै पुनरावलोकनको विषय हुन पुगेको देखिन आयो। निजको बोलपत्रको मूल्याङ्कन प्रकृया प्रचलित कानून बमोजिम भए नभएको देखिने आधारमा निवेदकको दाबी नपुग्ने वा पुग्ने भनी निर्क्योल हुने देखिन आयो।

**बोलपत्रको मूल्याङ्कनमा सार्वजनिक निकायले गराएको जाँचबुझ र सो जाँचबुझ समितिले जाँच गरी दिएको सिफारीशमा पुनरावलोकन जरुरी**

सार्वजनिक निकायले यस पुनरावलोकन समितिलाई उपलब्ध गराएको प्रतिक्रिया पत्र अनुसार यस्तो व्यहोरा लेखिएको पाइन्छः

*बूँदा नं. (९). जाँचबुझ समितिबाट मिति २०८०/८/२८ मा पेश भएको प्रतिवेदनमा बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोल्दा तयार गरिएको मुचुल्कामा बोलपत्रदाता श्री Rudranee Infrastriture Ltd. India को कबोल रकम अमेरिकी डलर १,५३,९४,४२९.७४ र नेपाली रू. ४३,६१,६४,८७५/- मा ने.रू. ३२,१०,००,०००/- छूट दिई छूट पश्चात् निजको खुद कबोल रकम (US$ 1= NRs. 131.56 ले) रू. २,१४,०४,५६,०५१/५९ भै सबैभन्दा न्यून कबोल गर्ने बोलपत्रदाताको रुपमा रहेको देखिन्छ।*

*बुँदा नं. (१०). Rudranee Infrastructure Ltd. India ले बोलपत्रको Price Schedule No. 1A, 1B र 1C को Column 8 (Unit Rate for Domestic Transportation and Insurance) अन्तर्गतका महलहरुमा बझाङ, रुकुम, बैतडी र रोल्पामा आपूर्ति गरिने मालसामानहरुको परिमाणले उक्त सामानहरुको Unit CIP Price in Foreign Currency लाई गुणन गरी प्रत्येक जिल्लाको लागि Cumulative Value of CIP Price in Foreign Currency गणनाका लागि प्रयोग गरेको देखिन्छ। निजले उल्लेखित Schedule हरुको Column 9, Total Price for Domestic Transportation and Insurance अन्तर्गतका महलहरुमा कुनै पनि रकम Quote गरेको नदेखिएको सो Column को Sum Total मा समेत रकम Quote नगरेको, नदेखिएको, Schedule 5 (Grand Summary) र Componentwise Summary मा पनि Total Price for Domestic Transportation Insurance का लागि रकम Quote गरेको नदेखिएको हुँदा निजले Domestic Transportation and Insurance का लागि छुट्टै रकम कबोल नगरी सो CIP Value मा समावेस गरेको देखिन्छ।*

*बुँदा नं. (११). Column 10 (Total Price for Domestic Transportation and Insurance) को महलमा कुनै रकम Quote गरेको नदेखिएको साथै उक्त Schedule को Sum Total मा र Schedule 5 (Grand Summary) मा पनि Total Price for Domestic Transportation and Insurance का लागि रकम Quote गरेको नपाइएकोले Col. 8 (Unit Rate for Domestic Transportation and Insurance) मा उल्लेखित रकम मानी उक्त Domestic Transportation and Insurance को Cost अन्य सामानहरुको मूल्यमा नै समावेस गरेको मान्नु पर्ने भनी Calculated कबोल रकम USD 15,394,429.74 र NPR 115,164,875.00 कबोल गर्ने बोलपत्रदाता M/S Rudranee Infrastructure Ltd. India को बोलपत्र स्वीकृ गर्ने सिफारीश साथ मिति २०८०/८/२८ मा जाँचबुझ प्रतिवेदन पेश भएको।*

बुँदा नं. (१२). Schedule 1 को Col. 8 (Unit Rate for Domestic Transportation and Insurance) अन्तर्गतका महलमा Quote गरेको रकम Inadvertently पर्न गएको मानी उक्त रकमलाई Omission गरी ITT 36 अनुसार अंकगणितीय सुधार गरेपश्चात् कबोल रकमको USD 15,394,429.74 र NPR 115,164,875.00 हुने बारेको जानकारी 15 Dec 2023 मा बोलपत्रदाता M/S Rudranee Infrastructure Ltd. लाई दिइएको।

उपरोक्त पंक्तिहरुलाई अध्ययन गर्दा मूल्याङ्कन समितिबाट मूल्याङ्कीत बोलपत्रमा जाँचबुझ समितिले गरेको जाँचबुझ र दिएको सिफारीशमा Schedule 1 मा उल्लेखित रकम (Price Breakdown) 'Inadvertently पर्न गएको मानी' बोलपत्रको Col. 8 मा भरेको दररेटलाई शून्य मान्न लिएको आधार र व्याख्या पर्याप्त देखिएन। निकायबाट यसको पुनरावलोकन हुन जरुरी देखियो।

**गणितीय त्रूटि (Arithmetical Error) लाई सच्याउन सकिने भन्ने बोलपत्र कागजातको ITT 36 को कानुनी प्रावधानलाई दररेट (Unit Rate) नै सच्याउन सकिने भनी बुझ्नु गलत**

बोलपत्रदाताहरुले बोलपत्र भरी आर्थिक प्रस्ताव पेश गर्दा कतिपय समयमा गणितीय त्रुटी (Arithmetical Error) हुने गरेको पाइन्छ। बोलपत्र मूल्याङ्कनको क्रममा त्यस्तो त्रूटिलाई सच्याउन ऐन, नियमले नै उपचार प्रदान गरेको छ। बोलपत्र कागजातको Instruction to Tenderers (ITT) को Clause No. 36 को प्रावधानले यसको व्यवस्था गरेको छ-

*36. Correction of Arithmetical Errors. 36.1 During the evaluation of Price Tenders, the Employer shall correct arithemetical errors on the following basis:*

*(a) Where there are errors between the total of the amounts given under the column for the price breakdown and the amount given under the Total Price, the amounts given under the column for the price breakdown shall prevail and the Total Price will be corrected accordingly.*

*(b) Where there are errors between the total of the amounts of Schedule Nos. 1 to 4 and the amount given in Schedule No. 5 (Grand Summary), the total of the amounts of Schedule Nos. 1 to 4 shall prevail and the Schedule No. 5 (Grand Summary) will be corrected accordingly.*

*(c) If there is a discrepancy between the grand total price given in Schedule No. 5 (Grand Summary) and the Tender amount in item (c) of the Letter of Price Tender, the grand total price given in Schedule No. 5 (Grand Summary) will prevail and the Tender amount in item (c) of the Letter of Price Tender will be corrected; and*

*(d) If there is a discrepancy between words and figures, the amount in words shall prevail, unless the amount expressed in words is related to an arithmetical error, in which case the amount in figures shall prevail subject to (a), (b) and (c) above.*

उपरोक्त प्रावधानको उपदफा (a) अनुसार Price Breakdown को महल (Col. 8) मा उल्लेखित रकम अंक र Total Price को महल (Col. 10) मा उल्लेखित रकम अंकबिच त्रूटि देखिएमा Price Breakdown को महलमा उल्लेखित रकम अंकलाई मान्यता दिनु पर्नेछ र सोही अनुरुप Total Price को महल मा सच्याउनु पर्ने छ भनी उल्लेख छ। तर यस बिवादमा Price Breakdown मा दररेटको रकम अंक उल्लेख गरे तापनि Total Price को महलमा भने केही उल्लेख नगरी Hyphon (-) मात्र उल्लेख गरेको देखियो। वास्तवमा Col. 6 मा सार्वजनिक निकायले परिमाण उल्लेख गरेकोले Price Breakdown को महल Col. 8 अन्तर्गत दररेटको अंक उल्लेख गरेको अवस्थामा Total Price को महल (Col. 10) मा Spreadsheet मा inbuilt formula का कारण गुणनफल र योगफल स्वतः आउँछ। तर यसमा बोलपत्रदाताले सो रकम अंकलाई Hyphon मात्र राखी उल्लेख गरेको देखियो।

यस सन्दर्भमा 'European Investment Bank (EIB) को आधिकारिक कागजात Guide to Procurement for projects financed by the EIB (Sept 2018)' को 3.7 International Procurement Procedures को Clause No. 3.7.12 Evaluation of Tenders मा उल्लेखित प्रावधान यस्तो छ -

*'The promoter or his representative must scrutinise the tenders for compliance and responsiveness, and correct all arithmetical errors. He must ask the tenderers for any clarification needed to assess the tenders, but no amendment to the substance of the tender or to the price can be accepted after the tender opening.'*

यस प्रावधान अनुसार सार्वजनिक निकायले सबै बोलपत्रहरुलाई राम्ररी जाँच्नु पर्ने, बोलपत्र कागजातले माग गरे अनुसारका शर्तहरु (Compliance) पूरा गरे नगरेको, सारभूतरुपमा प्रभावग्राही (Responsiveness) भए नभएको परीक्षण गर्नु पर्ने र सबै गणितीय त्रूटिहरुलाई सच्याउनु आवश्यक छ। साथै, बोलपत्रहरुको अध्ययन गर्दा आवश्यक परेमा बोलपत्रदाताहरुबाट प्रष्टीकरण माग गर्न सकिने तर त्यसो गर्दा बोलपत्र खोलेको अवस्थामा फरक पर्ने गरी बोलपत्र वा कबोल अंकमा संशोधन (Amendment) स्वीकार्य हुने छैन भनी उल्लेख गरेको देखिन्छ।

यसैगरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (४) र (५) मा बोलपत्रको परीक्षण गर्ने सिलसिलामा बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सकिने, बोलपत्रदाताले त्यस्तो माग गरिए अनुसारको जानकारी दिनु पर्ने तर त्यसरी जानकारी दिँदा बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न सकिने छैन भनी व्यवस्था गरेको छ।

यही विषयलाई नेपाल विद्युत प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को नियम १४३ को उपविनियम (१) मा समेत *'बोलपत्रको परीक्षण, मूल्याङ्कन, तुलना तथा बोलपत्रको योग्यता मूल्याङ्कनको सिलसिलामा यो कार्यलाई सहयोग गर्न बोलपत्रमा उल्लेख भएको कबोल रकम र अन्य सारभूत कुरा परिवर्तन नहुनेगरी समान्य जानकारी एवम् बिवरण प्राधिकरणले उपयुक्त ठानेमा लिखितरुपमा माग गर्न सक्ने छ।'* भनी व्यवस्था गरेको छ।

यस बिवादमा बोलपत्रदाताले Total Price को महल (Col. 10) देखिइनु पर्ने रकम अंक मेटेर गल्ती गरेको वस्तुतथ्यलाई गल्ती नभनेर सार्वजनिक निकायको जाँचबुझ समिति र पुनरावलोकन समितिले त्यस महलमा खाली (Blank) देखिएकोले Price Breakdown मा उल्लेखित रकम अंकलाई नै रकम अंक होइन भन्ने मानी त्यसलाई शून्य (Zero) बनाई गणितीय त्रूटि सच्याएको भनी मूल्याङ्कन गरी निजको बोलपत्रको कुल कबोल अंकलाई न्यूनतम् मूल्याङ्कीत भनी सिफारीश गरेको देखियो र त्यही मूल्याङ्कनलाई निकाय प्रमुखबाट स्वीकृति समेत प्रदान गरेको देखियो।

Arithmetic Error के हो भन्ने बारेमा ने.वि.प्रा. द्वारा गठित पुनरावलोकन समितिले पेश गरेको प्रतिवेदनमा संलग्न तालिका, माथि अध्ययन अवलोकन प्रकरणमा प्रस्तुत Table-3, को आइटम नं. 'g' मा स्पष्ट उल्लेख गरिएको छ। गणितीय त्रुटी भनेको सो आइटम 'g' मा उल्लेखित त्रुटी मात्र हो जसलाई सच्याउन बोलपत्रको कागजात को ITT 36.1 लगायतका माथि उल्लेखित नियम कानूनले अनुमति प्रदान गरेको छ। तर Price Breakdown को महल (Col. 8) मा बोलपत्रदाताले उल्लेख गरिसकेका दररेटका अंकहरुलाई फेरबदल गर्न वा परिवर्तन गर्न कुनै पनि कागजात वा नियम कानूनले अनुमति प्रदान गरेको अवस्था विद्यमान छैन। बोलपत्रदाताले पेश गरेको बोलपत्रमा रहेको दररेटको रकम अंकलाई 'निजले राखेको होइन भन्ने' मानी आफूखुशी अर्थ लगाई शून्य बनाउनु भनेको गणितीय त्रूटि (Arithmetic Error) सच्याएको नभई दररेट नै परिवर्तन गरिदिएको हो भनी बुझ्नु पर्ने हुन्छ, जसलाई कानूनले त्यसो गर्न वर्जित गरेको छ।

यस महल (Col. 8) अन्तर्गत रहेका A, B, C र D का महलहरुमा रकम अंक भर्नु पर्ने जिम्मेवारी नितान्तरुपमा बोलपत्रदाताको हो। यसमा रकम अंक नभरिएको भए अर्को अवस्था हुने थियो। मैले यो दररेट भरेको छैन वा भरेको भए पनि मेरो Total Tender Price अर्को हो भनी पेश गरेको बोलपत्रको कागजातमा कतै लेखिएको पनि देखिएन। अतः सही, गलत वा भूलवश, जे जस्तो भए पनि उक्त Price Breakdown का महलहरुमा दररेट उल्लेख गरिसके पछि, त्यो अपरिवर्तनीय हुन्छ भन्ने बुझ्नु पर्ने हुन्छ। त्यसबाट हुन आउने परिणामको जिम्मेवारी पूर्णतया बोलपत्रदाताकै

हुन्छ, त्यसमा सार्वजनिक निकाय प्रवेश गर्नु उचित हुँदैन। त्यसलाई परिवर्तन वा हेरफेर गरेमा बोलपत्रको सारवस्तु (Substance) मा नै परिवर्तन हुन जान्छ, जसको लागि ऐन, नियम र EIB Procurement Guidelines कुनै स्थापित कागजातले पनि अनुमति नदिएको अवस्था छ। बोलपत्रको अन्तिम कबोलअंकको आधार स्रोत Price Breakdown को महल (Col. 8) मा अंकित दररेटको रकम अंक नै भएकोले यसलाई चलाउनु कानून विपरीत गरिएको अनधिकृत कार्य हो।

सार्वजनिक निकायले एक चरणमा नियमानुसार बोलपत्रको मूल्याङ्कन गराइ सकेपछि फेरि किन यस प्रकारले जाँचबुझ गरी बोलपत्रदाताको बोलपत्रलाई अपव्याख्या गरी न्यूनतम् मूल्याङ्कित बनाएको हो, यसबारे निकायबाट नै समिक्षा र पुनरावलोकन हुन जरुरी देखियो।

***बोलपत्रको Schedule No. 1 लगायतका Schedule हरुको तालिकामा रहेको Col. 6 मा परिमाणहरु भर्नु पर्ने दायित्व सार्वजनिक निकायको र Col. 5 र Col. 8 मा आफूले कबोल गरेको दररेट अंक भर्नु पर्ने दायित्व सम्बन्धित बोलपत्रदाताको रहने***

सार्वजनिक निकायले उपलव्ध गराएको कागजात अनुसार Schedule 1: Plant and Mandatory Spare Parts Supplied from Abroad (Excluding Custom Duty and VAT applicable in Employer's Country) अन्तर्गत Col. 1, 2 .... Col 10 सम्म रहेको र Col. 6 र Col. 8 अन्तर्गत A. Bjhang, B. Rukum East, C. Baitadi र D. Rolpa गरी ४-४ वटा Column हरु रहेका छन्। यसरी यस तालिका Table) मा कुल जम्मा १६ वटा महल (Column) हरु रहेका छन्।

यसमा Col. 5 मा CIP का लागि बोलपत्रदाताले Unit Rate (विदेशी मुद्रा, डलरमा) भर्नु पर्ने हुन्छ। विपक्षी Rudranee Infrastructure Ltd. India ले भरेको देखिन्छ।

Col. 6 अन्तर्गत रहेका A, B, C र D महलहरुमा सार्वजनिक निकायले परिमाणहरु (Quantities) भर्नु पर्ने हुन्छ। सो परिमाणहरु भरिएको देखिन्छ। यी महलहरुमा उल्लेखित परिमाणहरुको योगफल (A+B+C+D) लाई Col. 7 मा उल्लेख गरिएको छ।

अब Col. 5 मा बोलपत्रदाताले भरेको Unit Rate [Foreign Currency (USD)] र सार्वजनिक निकायले Col. 7 मा दिएको Total Quantity (कुल परिमाण) गुणन गरी आउने गुणनफल हिसाब गरी बोलपत्रदाताले Total CIP at Nepal Border को Col. 9 मा Foreign Currency मा उल्लेख गर्नु पर्दछ। यस महलमा बोलपत्रदाता Rudranee Infrastructure ले भरेको नै देखियो।

बोलपत्रदाताले Col. 8 अन्तर्गत रहेका A, B, C र D महलहरुमा Domestic Transportation and Insurance का लागि Unit Rate Local Currency (NPR) मा भर्नु पर्ने हुन्छ। सो महलहरुमा विपक्षी Rudranee Infrastructure ले भरेको देखिन्छ।

अब Col. 8 मा बोलपत्रदाताले भरेको Unit Rate [Local Currency (NPR)] र सार्वजनिक निकायले Col. 6 अन्तर्गत रहेको A, B, C र D मा दिएको परिमाण जिल्लागतरुपमा गुणन गरी हुन आउने गुणनफल हिसाब गरी बोलपत्रदाताले Total Domestic Transportation and Insurance को Col. 10 मा Local Currency (NPR) मा उल्लेख गर्नु पर्दछ। यस महल Col. 10 मा भने बोलपत्रदाता Rudranee Infrastructure ले कुनै अंक नभरेको देखियो। विधि अनुसार यस महलमा माथि उल्लेख भए अनुसारले हुन आउने रकम अंक भर्नु बोलपत्रदाताको जिम्मेवारी र दायित्व हो।

माथि उल्लेखित Col. 5 मा Foreign currency मा दररेट (Unit Rate) भर्नु र Co. 8 मा Local Currency मा दररेट (Unit Rate) भर्नु तथा अन्य Col. मा रहेका परिमाणहरुसंग गुणन गरी Col. 9 र Col. 10 मा तिनको गुणनफल वा योगफल अंकित (उल्लेख) गर्नु बोलपत्रदाताकै जिम्मेवारी हो। धैरै, थोरै, सही वा गलत जे भरे पनि Col. 5 र Col. 8, यी दुई वटा महलमा भरिएको रकम अंकको सम्बन्धमा बोलपत्रदाता नै जिम्मेवार रहने यथार्थ हो। तसर्थ यी अंक (Figure) हरुमा फेरबदल गर्ने अधिकार कानूनले कसैलाई पनि प्रदान गरेको छैन।

***बोलपत्रको परीक्षण मूल्याङ्कन गर्ने सिलसिलामा केही दुविधा भएको अवस्थामा बोलपत्रदाताहरु लाई बोलपत्र कागजातको ITT Clause No. 29 Clarification of Tenders बमोजिम जानकारी माग्नु पर्ने सम्बन्धमा***

बोलपत्र कागजातको ITT Clause No. 29 Clarification of Tenders को Sub Clause No. 29.1 मा लेखिएको Paragraph यस्तो छ –

*'To assist in the examination, evaluation, and comparison of the Technical and Price Tenders, and qualification of the Tenderers, the Employer may, at its discretion, ask any Tenderer for a clarification of the Tender. ...... No change in the substance of the Technical tender or prices in the Price Tender shall be sought, offered or permitted except to confirm the correction of arithmetic errors discovered by the Employer in the evaluation of the Tenders, in accordance with ITT 36.'*

यस प्रावधानमा बोलपत्रको प्राविधिक तथा आर्थिक प्रस्तावको परीक्षण, मूल्याङ्कन तथा तुलना गर्ने सिलसिलामा कुनै प्रष्टीकरण आवश्यक परेमा सार्वजनिक निकायले त्यस्तो प्रष्टीकरण माग गर्ने सक्ने छ भनी उल्लेख छ। तर साथै, त्यसरी जानकारीबाट *No change in the substance of*



CamScanner

*the Technical tender or prices in the Price Tender shall be sought, offered or permitted except to confirm the correction of arithmetic errors* भनी आर्थिक प्रस्तावको दर (Prices) मा कुनै परिवर्तन हुने गरी माग्न, प्रदान गर्न वा अनुमति दिन पाइने छैन, मात्र गणितीय त्रूटि सच्याउन पाइने छ भनी प्रष्ट पारिएको अवस्था छ। यस प्रावधानबाट गणितीय त्रूटि सच्याउने र दररेट सच्याउने वा फेरबदल गर्ने भन्ने विषय फरक विषय हुन् भनी प्रष्ट पारिएको देखिन्छ।

यस सन्दर्भमा 'European Investment Bank (EIB) को आधिकारिक कागजात Guide to Procurement for projects financed by the EIB (Sept 2018)' को 3.7 International Procurement Procedures को Clause No. 3.7.12 Evaluation of Tenders मा उल्लेखित प्रावधान यस्तो छ -

*'The promoter or his representative must scrutinise the tenders for compliance and responsiveness, and correct all arithmetical errors. He must ask the tenderers for any clarification needed to assess the tenders, but no amendment to the substance of the tender or to the price can be accepted after the tender opening.'*

यस प्रावधानमा सार्वजनिक निकायले सबै बोलपत्रहरुलाई राम्ररी जाँच्नु पर्ने, बोलपत्र कागजातले माग गरे अनुसारका शर्तहरु (Compliance) पूरा गरे नगरेको, सारभूतरुपमा प्रभावग्राही (Responsiveness) भए नभएको परीक्षण गर्नु पर्ने र गणितीय त्रूटिहरु छ, छैन हेर्ने र भएमा सच्याउनु पर्ने भनी उल्लेख छ। साथै, बोलपत्रहरुको अध्ययन गर्दा आवश्यक परेमा बोलपत्रदाताहरुबाट प्रष्टीकरण माग गर्न सकिने तर त्यसो गर्दा बोलपत्र खोलेको अवस्थामा फरक पर्ने गरी बोलपत्र वा कबोल अंकमा संशोधन (Amendment) स्वीकार्य हुने छैन भनी उल्लेख गरेको देखिन्छ।

यसैगरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (४) र (५) मा बोलपत्रको परीक्षण गर्ने सिलसिलामा बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सकिने, बोलपत्रदाताले त्यस्तो माग गरिए अनुसारको जानकारी दिनु पर्ने तर त्यसरी जानकारी दिँदा बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न सकिने छैन भनी व्यवस्था गरेको छ।

यही विषयलाई नेपाल विद्युत प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को नियम १४३ को उपविनियम (१) मा समेत *'बोलपत्रको परीक्षण, मूल्याङ्कन, तुलना तथा बोलपत्रको योग्यता मूल्याङ्कनको सिलसिलामा यो कार्यलाई सहयोग गर्न बोलपत्रमा उल्लेख भएको कबोल रकम र अन्य सारभूत कुरा परिवर्तन नहुनेगरी समान्य जानकारी एवम् बिवरण प्राधिकरणले उपयुक्त ठानेमा लिखितरुपमा माग गर्न सक्ने छ।'* भनी व्यवस्था गरेको छ।

यी सबै व्यवस्थाहरुले बोलपत्र परीक्षण, मूल्याङ्कनको क्रममा दुविधा भएको अवस्थामा बोलपत्रदाताबाट स्पष्टताका लागि जानकारी माग्न सकिने तर त्यस्तो जानकारीबाट बोलपत्रको सारवस्तु (Substance) मा परिवर्तन गर्न निषेध गरेको स्पष्ट छ।

बोलपत्रदाताको बोलपत्रमा सारवस्तु (Substance) कुन हो भन्नेबारेमा झट्ट हेर्दा Letter of Price Tender मा उल्लेखित अन्तिम कबोल अंक हो भन्ने देखिन्छ तर त्यस कबोल अंकको श्रोत खोज्दै जाँदा कबोल अंकको पनि सारवस्तु भनेको Col. 8 अन्तर्गत बोलपत्रदाताले भरेको Unit Rate (दररेट) नै हो भन्ने स्पष्ट हुन्छ, किनभने बोलपत्रदाताले भरेको यही दररेटको फलस्वरुप Total (Col. 10) को महलमा योगफल अंकको हिसाब आउँछ।

यति ठूलो आकारको बोलपत्रको आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा बोलपत्रदाता Rudranee Infrastructure ले पेश गरेको आर्थिक प्रस्तावमा जटिल दुविधा उत्पन्न भएपछि यस प्रावधान अनुसार सार्वजनिक निकायले पहिले सो बोलपत्रदातासंग तत् विषयमा उठेको दुविधाका बारेमा नियमानुसार सोध्नु पर्ने थियो। तर त्यस्तो कुनै पत्राचार गरेको देखिएन। पत्राचार गर्नु पर्ने वा नगर्नु पर्नेलाई 'सकिने' भनी नियममा ऐच्छिक राखिएको देखिन्छ तर बोलपत्रको आकार र बिवादको गम्भीरता हेर्दा पत्राचार नगर्नुलाई नियमको प्रावधानलाई अनदेखा गरेको देखिन आयो जसलाई नियमसम्मत गरेको कार्य भन्न सकिएन। साथै, ने.वि.प्रा. लाई EIB बाट 17 Jan 2024 मा प्राप्त पत्रमा 'However in any case, a negotiation of the terms can be discussed during the contract finalization between the parties' भन्ने उल्लेख गरिएको देखिन्छ। पारदर्शिता, प्रतिष्पर्धा र विश्वसनीयताका लागि सबै बोलपत्रहरुलाई मूल्याङ्कन समितिले आ-आफ्ना धारणा व्यक्त गर्न दिई Price Breakdown गरी गणना गर्नु पर्नेमा सो गरेको देखिएन।

तर बोलपत्रको अध्ययनले के पनि देखाउँछ भने Col. 10 (Total) को महलमा योगफलको अंक नै उल्लेख छैन, Hyphon (-) मात्र छ। सामन्यतया Col. 10 को महल Total Amount को लागि भएकोले Col. 8 मा बोलपत्रदाताले दररेटको अंक राखेपछि यस महलमा योगफलको अंक स्वतः आउँछ।

यसरी Col. 10 (Total) को महलमा योगफलको अंक आउन पर्नेमा किन नआएको भनी अध्ययन र छानबीन हुन पर्नेमा सार्वजनिक निकायले यस महलमा खाली (Blank) अर्थात् कुनै अंक नरहेकोलाई नै आधार लिई Col. 8 अन्तर्गत A, B, C र D मा बोलपत्रदाताले प्रविष्ट गराएको दररेटका अंकहरुलाई नै शून्य बनाई बोलपत्रको प्राविधिक प्रस्तावको मूल्याङ्कन गरेको देखियो। यसरी Col. 10 मा बोलपत्रदाताले नियतवश खाली छाडेको कार्यलाई सार्वजनिक निकायले Col. 8



CamScanner

का दररेटका अंकहरुलाई शून्यमा परिवर्तित गरी सही पुष्टी गर्ने प्रयत्न गरेको देखियो। दररेटको अंक सही वा गलत, धेरै वा थोरै जे भए पनि त्यो बोलपत्रदाताकै जिम्मेवारीभित्र पर्ने कुरा हो। यो दररेटको अंक (Col. 8) बोलपत्रको आधारभूत कुरा हो र त्यसैले सारवस्तु हो। बोलपत्रदाताले भरेको दररेटलाई सार्वजनिक निकायले त्रुटि सच्याउने नाममा परिवर्तन वा फेरबदल गर्न पाउँदैन भनी नियम कानूनले भनेको व्यहोरा माथि उल्लेख गरिसकिएको छ।

**Schedule 1 को Col. 8 अन्तर्गतका महलहरुमा भरेको दररेट बमोजिम बोलपत्रदाता Rudranee Infrastructure Ltd. india को आर्थिक प्रस्ताव न्यूनतम् मूल्याङ्कित हुने सम्भावना न्यून**

प्रस्तुत बिवाद बोलपत्रमा रहेको Schedule 1 मा केन्द्रीत रहेकोले Rudranee Infstructure Ltd. India ले Local Currency मा भरेको दररेटको विषयलाई गहिरिएर अध्ययन गर्नु पर्ने देखियो। बोलपत्र कागजातको अध्ययनबाट यस बोलपत्रमा सहभागी ५ बोलपत्रदाता सबैले आइटम-गत रुपमा दररेट भरेको देखियो। Col. 6 को महल अन्तर्गत सार्वजनिक निकायले A. बझाङ, B. रुकुम-पूर्व, C. बैतडी र D. रोल्पाका लागि भनी परिमाण खुलाएर उल्लेख गरेको छ। यी परिमाणहरुको योगफललाई Col. 7 को महलमा उल्लेख गरिएको छ। Col. 8 को महलमा बोलपत्रदाताहरुले उपरोक्त जिल्लाका लागि आ-आफ्नो दररेट Local Currency मा भरी पेश गरेका छन्। Rudranee Infrastructure ले पनि भरेको देखिन्छ।

Schedule 1 Plant and Mandatory Spare Parts Supplied from Abroad (Excluding Custom Duty and VAT applicable in Employer's Country) अन्तर्गत रहेका नमुनास्वरुप केही आइटम लाई अध्ययन गर्दा A.1 अन्तर्गत आइटम नं. 1. XLPE को लागि बोलपत्रदाताहरु ZOEC-HOGN JV, Jakson, Waiba र Mohan ले क्रमशः NRs. 15,000, NRs. 12,261, NRs. 12,600 र NRs. 7,400 दररेट अंकित गरेको देखिन्छ भने Rudranee ले अंकित गरेको दररेट NRs. 3,35,254.92 रहेको देखिन्छ, जुन धेरै गुणाले बढी हो। त्यसैगरी आइटम नं. 4. Tension Anchor को लागि बोलपत्रदाताहरु ZOEC-HOGN JV, Jakson, Waiba र Mohan ले क्रमशः NRs. 60.77, NRs. 67.00, NRs. 54.00 र NRs. 31.00 दररेट अंकित गरेको देखिन्छ भने Rudranee ले अंकित गरेको दररेट NRs. 152.64 रहेको देखिन्छ, जुन फेरि पनि धेरै गुणाले बढी हो। अन्य आइटमहरुमा पनि यस्तै स्थिति देखिन्छ।

बोलपत्रदाताहरुले Quote गरेको दररेटहरुमध्ये विपक्षी Rudranee Infrastructure ले पेश गरेको दररेट अरुको भन्दा अत्यधिक रुपले बढी रहेको देखिन आउँछ। यस प्रकारले अत्यधिक बढी दररेट Quote भएपछि परिमाणहरुसंग गुणन गरी जिल्ला-जिल्लाको जोड्दा Total (Col. 10) को महलमा देखिने योगफल अन्य बोलपत्रदाताहरुको भन्दा स्वाभाविकरुपमा बढी हुने नै भयो। यही

कुरालाई आधार लिई निर्देशक श्री अच्युत बाबु घिमिरेको अध्यक्षतामा गठित बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गरेको देखिन्छ।

***सार्वजनिक निकायले भनेजस्तो Col. 8, Local Currency को दररेटलाई शून्य मान्दा Schedule 1 मा Rudranee Infrastructure को कबोल अंक बढी हुने***

यस निवेदनमा बिवादको चूरो Rudranee Infrastructure Ltd. India ले भरी पेश गरेको Schedule 1 संग सम्बन्धित रहेको छ। सार्वजनिक निकायले बोलपत्रदाता Rudranee Infrastructure Ltd. ले मुलुकभित्रको कामका लागि Local Currency (Col. 8) मा दर भरेको देख्दा देख्दै पनि कुनै दररेट नभरेको मानी शून्य राखी हिसाब गर्दा यस Schedule मा बाहिरी मुलुकबाट सामान आयात गर्नका लागि भनी निजले Quote गरेको Foreign Currency रकम अंक USD 15,394,429.94 बराबर रहेको देखिन्छ जसको नेपाली रकम अंक रू. २,०२,५२,९१,२०२/९६ हुन आउँछ। यही Schedule 1 मा निवेदक ZOEC-HOGN JV ले Quote गरेको Foreign Currency USD 7,527,760.35 जसको (USD 1=131.56) ने.रू.९९,०३,५२,१५१/६४ र Local Currency ने.रु. ३२,०२९,६४२.२८ गरी जम्मा रू. १,०२,२३,८१,७९३/९२ हुन आउँछ।

यसमा विचार पुर्याउनु पर्ने कम्तिमा तीन वटा अवस्था देखिन्छन्। पहिलो, यस Schedule No. 1 मा सार्वजनिक निकायले छनौट गरेको बोलपत्रदाता Rudranee Infrastructure Ltd. India ले प्रस्ताव गरेको रकम अंक US Dollar मा मात्र उल्लेख छ।

दोस्रो, निज Rudranee Infrastructure ले Foreign Currency (USD) अन्तर्गतका आइटम (Col. 5) मा मात्र दररेट Quote गरेको तर Local Currency अन्तर्गतका आइटमहरुमा दररेट Quote नगरेको भनी मानेमा निजको आर्थिक प्रस्ताव अस्वाभाविक हुन जाने देखिन्छ। Local Currency को Col. 8 अन्तर्गत पनि दररेट भर्नु पर्छ भनी बुझेर नै दररेट Quote गरेको देखिन्छ तर Foreign Currency मा अत्यधिक दररेट Quote गरेपछि Sum Total धैरै बढी हुनजाने भएकोले Local Currency को Total (Col. 10) मा आएको गुणनफल/योगफललाई खाली ठाउँ (Blank) छाडेको देखियो।

साथै, यसरी अत्यधिकरुपमा Foreign Currency (USD) मा Quote गरेको रकम अंकलाई स्वीकार गर्दा भोली डलरको तुलनामा नेपाली रुपियाँको सटहीदरमा अस्थिर भई अवमूल्यन (Devaluation) हुँदाको अवस्थामा त्यही डलरका लागि बढी नेपाली रुपियाँ दिनु पर्दा आयोजना/सार्वजनिक निकायलाई नाफा/घाटा के हुन्छ त्यसबारेमा पनि बोलपत्र स्वीकृत गर्नुअघि नै गम्भीर ढंगले

मितव्ययिता एवम् Value for Momey का बारेमा सोँच्नु जरुरी हुन्छ। यी उल्लेखित अवस्थाहरुका बारेमा गहिरो ढंगले विश्लेषण नगरी सार्वजनिक निकायले बोलपत्रदाताले पेश गरेको बोलपत्रको अवस्थालाई नै सकारात्मकताको रुपमा चित्रित गरी गरेको व्याख्यालाई विषय र बिवादको गहिराईलाई महसुस गरी संस्थाको हितमा पर्याप्त अध्ययन गरेको भन्न सकिएन।

तेस्रो, यस Schedule 1 अन्तर्गत A. 11 kV Line (Transmission line), B. Distribution Transformer and Switchgear components र C. Low Tension Line का आइटम, उपआइटमहरु गरी कुल १०४ वटा आइटमहरु रहेका छन्। यति धैरै र बिविध आइटमहरुको काममा दररेट मौजूद रहेको अवस्थामा जसरी काम गर्न ठेकेदारले ध्यान दिने, काम भएपछि सम्पन्न कामको परिमाण बमोजिम नापी (Running measurement) गरी दररेट अनुसार भुक्तानी पाउने सुनिश्चित हुने र यसरी क्रमिक रुपमा आयोजनाको निर्माण कार्य सुचारु रुपमा अगाडि बढि रहने स्वाभाविक अवस्था रहन्छ दररेट नै नरहेको अवस्थामा बोलपत्रदाताको पक्षबाट अनपेक्षित, अवाञ्छित जोखिमहरु आउने सम्भावना धैरै हुनजान्छ, जुन अहिले नै आंकलन गर्नु पर्दछ। यसलाई सार्वजनिक निकाय अन्तर्गतको बोलपत्रको मूल्याङ्कन समिति, जाँचबुझ समिति र पुनरावलोकन समितिले पर्याप्त ढंगले अध्ययन गरेको देखिएन।

***निवेदक ZOEC-HOGN JV को बोलपत्रको आर्थिक प्रस्तावमा सार्वजनिक निकायले कुनै कैफियत देखाएको नपाइएको***

ने.वि.प्रा. को मूल्याङ्कन समितिले निवेदक ZOEC-HOGN JV ले पेश गरेको बोलपत्रको आर्थिक प्रस्तावलाई सारभूतरुपमा प्रभावग्राही ठहर्याएको र सो प्रस्तावमा सार्वजनिक निकायको अन्य कुनै समितिले कैफियत देखाएको देखिएन। निजले पेश गरेको आर्थिक प्रस्ताव अनुसार (USD 7,527,760.35 + NPR 1,531,674,367.30) र त्यस रकम अंकको समग्रमा 11% Discount Offer गरेको हुँदा त्यसपछि आउने रकम र कुनै Arithmetic Correction भए सो Correction पछिको रकम नै निज जे.भी. को कबोल अंक भएको र सो कबोल अंक सार्वजनिक निकायको लागत अनुमानभन्दा ६.५४% ले घटी छ भनी बोलपत्र मूल्याङ्कन समितिको प्रतिवेदनमा उल्लेख रहेको देखियो भने सार्वजनिक निकायले न्यूनतम् मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र ठहर गरेको अर्को बोलपत्रदाता Rudranee Infrastructure Ltd. India को बोलपत्रको मूल्याङ्कन गर्दा Read out Price मा देखिएको न्यूनतम् रकमलाई L1 मानेर गरेको मूल्याङ्कनमा गरिएको व्याख्या पर्याप्त देखिएन।



CamScanner

अतः सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयले बोलपत्र नं. ICB-DCSD-2079/80-DSUEP-EIB-W5 Procurement of material, equipment, associated accessories and necessary installation services including design, erection, testing, and commissioning of Distribution System Network – Package No. EIB-W5 कार्यको लागि मिति २०८०/१/०७ (20 April 2023) मा प्रकाशित बोलपत्रको सूचना अनुसार पेश हुन आएका ५ बोलपत्रदाताका बोलपत्र मध्ये निवेदक बोलपत्रदाता ZOEC-HOGN JV, China को बोलपत्र सहित सबै बोलपत्रदाताहरुको बोलपत्र प्राविधिक मूल्याङ्कनमा सारभूतरुपमा प्रभावग्राही भएको भनी मिति २०८०/५/०६ (23 Aug 2023) मा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना प्रकाशित गरेको, मिति २०८०/५/१३ (30 August 2023) मा आर्थिक प्रस्ताव खोलिएको र बोलपत्रहरुको आर्थिक प्रस्तावको मूल्याङ्कन भई मिति २०८०/१०/०७ (21 Jan 2024) मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित हुँदा सो सूचनामा चित्त नबुझी मिति २०८०/१०/११ (25 Jan 2024) मा नेपाल विद्युत प्राधिकरण समक्ष सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम निर्णयको पुनरावलोकनको लागि निवेदन दिएकोमा म्यादभित्र मिति २०८०/१०/१६ सम्म कुनै निर्णय भएको जानकारी प्राप्त नभएको भनी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम निर्णय पुनरावलोकन गरीपाउँ भनी निवेदक बोलपत्रदाता ले यस पुनरावलोकन समिति समक्ष मिति २०८०/१०/२१ मा दिएको निवेदनमाथि अध्ययन, विश्लेषण तथा सुनुवाई गरेपश्चात् सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयद्वारा जारी बोलपत्रको कागजातको Schedule No. 1 Plant and Mandatory Spare Parts supplied from abroad (Excluding Custom duty and VAT applicable in Employer's Country) मा निवेदकका विपक्षी बोलपत्रदाता Rudranee Infrastructure Ltd. India ले Col. 8 मा दररेट भर्नु पर्नेमा भरेको देखिएको तर परिमाण र दररेट गुणन गरी ती गुणनफलहरुको योगफल पनि भर्नु पर्नेमा सो खाली राखिएकोमा सार्वजनिक निकायले त्यसरी खाली रहेको महल (Col. 10) लाई नै ठिक ठानी, सोका आधारमा दररेटका महल (Col. 8 को A, B, C र D) मा उल्लेखित दररेटलाई शून्य मानी न्यूनतम् मूल्याङ्कीत सारभूतरुपमा प्रभावग्राही ठहर हुने गरी गरेको मूल्याङ्कन र व्याख्या पर्याप्त नदेखिएकोले मिति २०८०/१०/०७ मा श्री Rudranee Infrastructure Ltd. India को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गर्ने कार्य मिलेको नदेखिँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (ख)(२) बमोजिम सो सूचना र सोसंग सम्बन्धित निर्णय सोही हदसम्म बदर गरिदिएको छ। साथै, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को (ख)(३) बमोजिम माथि निर्णय ठहर खण्डमा उल्लेख भएका कुराहरुका साथै सा.ख. ऐनको प्रस्तावनामा उल्लेखित विषयहरुलाई समेत विचार गरी निवेदक ZOEC-HOGN JV China,

विपक्षी Rudranee Infrastructure Limited India समेतका बोलपत्रदाताहरुसंग कानुन बमोजिम जो जे बुझ्नु पर्ने बुझी नियमानुसार पुनःमूल्याङ्कन गर्न आदेश गरिदिएको छ। अरु तपसिल बमोजिम गर्नू।

तपसिल

१. यो निर्णयको जानकारी दुबै सरोकार पक्ष र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनू।
२. निवेदकले राखेको धरौटी नियमानुसार फुकुवा गरिदिनू।
३. सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार दिनू।
४. निर्णयसहितको मिसिल (फाइल) अभिलेख गरी सुरक्षित राख्नू।

(वासुदेव शर्मा पौडेल)
सदस्य

(महेन्द्र बहादुर गुरुङ)
सदस्य

(मोहन कृष्ण सापकोटा)
अध्यक्ष

इति सम्वत् २०८० साल फागुन २० गते रोज १ शुभम्